# ताप्ली गाउँपालिका

जिल्ला, उदयपुर, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

ताप्ली गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ०३ मिति २०८२/१२/२२

भाग १

नेपालको संविधान २०७२ को दफा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ताप्ली गाउँपालिकाको गाउँ सभाबाट तयार गरिएको तपशिलमा उल्लेखित ऐन, गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ ।

## प्रस्तावनाः-

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाले बनाएको कृषि तथा पशुपन्छी ऐन, २०७८ मा केहि संसोधन गर्न वाञ्छनीय भएकोले गाउँपालिकाको बैठकले ताप्ली कृषि तथा पशुपन्छी ऐन, २०७८ संसोधन गरीएको छ ।

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम ताप्ली गाउँपालिकाको "कृषि तथा पशुपन्छी ऐन, २०७८ (पहिलो संसोधन)" रहेको छ ।

(२) यो ऐन यस ताप्ली गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट ताप्ली गाउँपालिका भरी लागू हुनेछ ।

## संसोधन गरीएकोः-

कृषि तथा पशुपन्छी ऐन, २०७८ को परिच्छेद-पाचँ को दफा १३ को कृषि भूमि व्यवस्थापन समिति लाई संसोधन गरी कृषि विकास बोर्ड भन्ने वाक्यांश कायम गरी देहाय बमोजिमका बोर्डका सदस्य व्यवस्था गरीएको छ ।

## कृषि विकास बोर्ड

(१) यस ताप्ली गाउँपालिकामा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि आवश्यकता अनुसार कृषि नीति, योजना, र कार्यक्रमहरू बनाउने र कार्यान्वयन गर्नेका लागि देहाय बमोजिमको एक कृषि विकास बोर्ड गठन गर्नेछ ।

(क) ताप्ली गाउँपालिका अध्यक्ष — संयोजक

(ख) ताप्ली गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) ताप्ली गाउँपालिका सामाजिक विकास संयोजक - सदस्य

(ङ) ताप्ली गाउँपालिका स्तरीय स्थानीय कृषक समुहको प्रतिनिधि - सदस्य

(च) ताप्ली गाउँपालिका अध्यक्षले मनोनयन गरेको कृषि सम्बन्धी स्थानीय विज्ञहरूमध्येबाट एक जना, महिला कृषि उद्यमीहरू मध्येबाट एकजना र आदिवासी जनजाति वा दलित किसान मध्ये एक जना गरी जम्मा ३ जना

(छ) कृषि सहकारी संस्थाहरूले छनौट गरेको प्रतिनिधि २ जना - सदस्य

(ज) ताप्ली गाउँपालिकाको कृषि तथा पशुपन्छी सेवासम्बन्धी विषय हेर्ने प्रमुख वा अधिकृत - सदस्य सचिव

(२) यस बोर्डले कृषि सम्बन्धी विज्ञ तथा अन्य सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधिलाई आफ्नो बैठकमा आमन्त्रण गर्न र राय सुझावहरू लिन सक्नेछ।
(३) बोर्डको बैठक कम्तिमा त्रैमासिक रूपमा आयोजना गर्नुपर्नेछ र आवश्यकता अनुसार विभिन्न समयमा बैठक आयोजना गर्न सकिनेछ ।
(४) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(५) बोर्डको सचिवालय यस ताप्ली गाउँपालिकाको कृषि विकास शाखामा रहनेछ ।

सोहि परिच्छेदको दफा १४ को कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार लाई संसोधन गरी तपसिलको कृषि विकास बोर्ड काम, कर्तव्य र अधिकार कायम गरीएको छ |

**कृषि विकास बोर्डको काम, कर्तव्य र अधिकार**

कृषि विकास बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ |
(क) ताप्ली गाउँपालिकाको क्षेत्रभित्र किसान, कृषि भूमि, कृषि सेवा, पशुपन्छी सेवा, कृषि पूर्वाधार लगायतका विषयहरूको वस्तुस्थिति संकलन र अभिलेख तयार गरी कृषि तथ्याङ्कहरू प्रकाशन गर्ने ।
(ख) ताप्ली गाउँपालिकाको क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको दिगो व्यवस्थापन र सदुपयोगको लागि किसानहरूको समेत सहभागितामा ताप्ली गाउँपालिकाको तर्फबाट कृषि सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्यवन गर्ने गराउने ।
(ग) ताप्ली गाउँपालिका भित्र उत्पादित कृषि उपजको मूल्य तोकी कृषक, सहकारी/कृषि फर्म/कृषि समूह वा कृषि व्यवसायी र स्थानीय सरकार बीच त्रिपक्षिय सम्झौता को लागि सहजीकरण गर्ने गराउने |
(घ) ताप्ली गाउँपालिकालाई अर्गानिक पालिका बनाउन आवश्यक न्युनतम मापदण्ड अध्ययन र तयारी गर्ने गराउने |
(ङ) नेपाल सरकार र, प्रदेश सरकारबाट लागु गरीएका नीति तथा कानून कार्यान्वयनमा सहकार्य गर्ने र उक्त तहबाट अनुदान प्राप्त हुन आएका कृषि कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने ।
(च) कृषियोग्य भूमिको खण्डीकरण हुनबाट रोक्न र कृषियोग्य जमिनको चक्लाबन्दी गरी कृषि उत्पादन बढाउन चाहने किसान परिवारहरूलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने र यस प्रयोजनका लागि अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने।
(छ) कृषियोग्य जमिनमा कृषि उत्पादन गर्न, किसानका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन र कृषि तथा खाद्य उत्पादनको बजारीकरणका लागि आवश्यक पर्ने विभिन्न कृषि पूर्वाधारहरू निर्माणको लागि योजना तर्जमा गरी विभिन्न तह र सम्बन्धित निकायमा सिफारिस तथा परामर्श प्रदान गर्ने ।

(ज) किसानको क्षमता विकास, हकहित संरक्षण र कृषि क्षेत्रबाट समृद्धिका लागि किसानसम्बद्ध नागरीक समाज र संघ संस्था तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(झ) खाद्यका लागि कृषि र तुलनात्मक लाभका कृषिउपजको व्यावसायिक उत्पादन बढाउन आवश्यक अध्ययन, अनुसन्धान, जनशक्ति निर्माण र प्रसार सेवालाई प्रभावकारी बनाउने ।

(ञ) यस ताप्ली गाउँपालिका भित्र कृषि क्षेत्रको प्रवर्द्धन, आधुनिकीकरण, व्यावसायीकरण प्रवर्द्धनको लागि संघ, प्रदेश सरकार, निजी क्षेत्र, नागरिक समाज, वैदेशिक दातृ निकाय सँग आवश्यक पहल कदमी गर्न सक्ने छ ।

आज्ञाले
सन्तोष भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८२/१२/२३